# वैदेशिक रोजगार (म्यादी) जीवन वीमालेख सम्बन्धी निर्देशनहरु

प्रचलित "वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख सम्बन्धी निर्देशनहरु" र "वैदेशिक रोजगार (म्यादी) बीमालेख" मा तपसिल बमोजिम परिमार्जन गरी २०७३ साल बैशाख १ गते देखि प्रचलनमा ल्याउनका लागि जारी गरिएको निर्देशन :-

१. बीमकले वैदेशिक रोजगार (म्यादी) जीवन वीमा गर्दा यो निर्देशनमा समाविष्ट भए अनुसारको बीमालेख जारी गर्नु पर्नेछ ।
२. बीमा समितिको पूर्व स्वीकृति नलिई यस बीमालेख सम्बन्धी कुनै पनि प्रावधान परिवर्तन गर्न पाइने छैन ।
३. नेपाल सरकारले वैदेशिक रोजगारीको लागि निषेध गरेका मलुकमा जाने ब्यक्तिको लागि यो बीमालेख जारी गर्नु हुँदैन ।
४. बैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख जारी गरिएको मिति र समयबाट नै जोखिम प्रारम्भ भएको मानिनेछ ।
५. बीमितले उचित कारणसहित बीमालेख रद्द गर्न अनुरोध गरेमा रु.५०।- प्रति बीमालेख कट्टा गरी बाँकी बीमाशुल्क बीमितलाई फिर्ता गर्नु पर्नेछ ।
६. बीमितले बीमालेखको प्रतिलिपि माग गरको अवस्थामा रु.५०।- प्रति बीमालेख लिएर प्रतिलिपि दिनु पर्नेछ ।
७. यस बीमालेख अन्तर्गत भुक्तानी पाउने ब्यक्तिलाई पायक पर्ने बीमकको कार्यालयबाट दावी भुक्तानी गर्ने ब्यवस्था गर्नु पर्नेछ ।
८. बीमकले बैदेशिक रोजगारीको लागि विदेशमा रहेको बीमायोग्य कामदारको आवश्यक कागजात तथा बीमाशुल्क प्राप्त गरी बैदेशिक रोजगार (म्यादी) जीवन बीमा गरिदिन तथा नवीकरण गर्न सकिनेछ ।यसरी बीमालेख जारी गर्दा तथा नविकरण गर्दा बुंदा नं १० बमोजिम घातक रोगहरु( Critical illness) को पुरक करार अनिवार्य रुपमा समावेश गर्नुपर्छ ।
९. वैदेशिक रोजगारमा कामदार जाँदा रोजगारदाता र कामदार बीच भएको श्रम संझौता भन्दा १ बर्ष बढी अवधिका लागि यो बीमालेख जारी गर्नु पर्नेछ ।
१०. बीमकले बैदेशिक रोजगार (म्यदी)जीवन बीमालेख अन्तर्गत सुबिधाको तालिकाको खण्ड ७ मा उल्लेख भए बमोजिमका घातक रोगहरु (Critical Illness) को लागि अनिवार्य रुपले बीमा सुरक्षण दिनु पर्नेछ । उपरोक्तानुसारको घातक रोगगहरु (Critical illness) को बीमाशुल्क सबै अवधी तथा उमेर समूहहरुको लागि एकमुष्ठ रु ४०० (चार सय) हुनेछ ।
११. यस बीमाको बीमाशुल्क दर देहाय बमोजिम हुनेछ:

## तालिका

वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेखको लागि बीमाशुल्क रकम (रुपैंयामा)
(लागू मिति २०७३ साल माघ १५ गते)
(बीमांक रु. १० लाख)

| बीमा अवधि | उमेर समूह | | | | घातक रोग वापतको बीमांक रु पाँच लाखको बीमाशुल्क (सबै उमेर समूहको लागि) |
|---|---|---|---|---|---|
| | १८ वर्ष देखि ३५ वर्ष सम्म | ३६ वर्ष देखि ५० वर्ष सम्म | ५१ वर्ष देखि ६४ वर्ष सम्म | | रु ४०० |
| २ वर्ष | २६४६ | ३६२५ | ७२५० | | |
| ३ वर्ष | ३५२४ | ४९३० | ९५७० | ६४ वर्ष भन्दा माथिको बीमाशुल्क बीमकले निर्धारण गरे बमोजिम हुने । तर यस्तो थप बीमाशुल्क ५१ देखि ६४ बर्ष सम्मको उमेर समूहको बीमाशुल्कको ५० प्रतिशत भन्दा बढि हुने छैन । | |
| ४ वर्ष | ४४२३ | ६०९० | १२०३५ | | |
| ५ वर्ष | ५१४८ | ७१०५ | १४५०० | | |
| ६ वर्ष | ५७२८ | ८४११ | १६८२० | | |

# वैदेशिक रोजगार (म्यादी) जीवन वीमालेख

अनुसूचीमा उल्लेख भएको जीवन बीमा प्रस्तावलाई यस करारको आधार मान्ने गरी (बीमकको नाम उल्लख गर्ने) (यसपछि बीमक भनिएको) ले प्राप्त गरको र यस अनुसूचीमा उल्लेख गरे बमोजिम एकल बीमाशुल्क भुक्तानी प्राप्त भएको हुनाले,

बीमाशुल्क भुक्तानी गरेवापत यस करारको बंन्देज र जुन घटना घटेमा भुक्तानी दिन भनिएको हो सो घटनाको सत्यता र सो भुक्तानी पाउने व्यक्तिको कानूनी अधिकार तथा बीमितको उमेर सम्बन्धमा वीमकले स्वीकार गरेको प्रमाणको अधिनमा रही यस बीमालेख बमोजिम भुक्तानी पाउने रकम वीमकले आफ्नो कार्यालयमा भुक्तानी दिनेछ ।

यस बीमालेखमा संलग्न अनुसूची, लाभका तालिका, परिभाषा र शर्तहरु यस करारको अभिन्न अंग मानिने छ ।

## अनुसूची

| | |
|---|---|
| कार्यालय : | बीमा अभिकर्ता इजाजत पत्र नं. |
| बीमा अवधि: | बीमालेख नम्वर : |
| रसिदको मिति | रसिद नं. |
| बीमितको<br>नाम थर :<br>राहदानी नम्बर :<br>बैदेशिक रोजगारीको निमित्त जाने मुलक: | वीमाङ्क रकम:<br>अंकमा: रु.<br>अक्षरमा: रु.<br>बीमाशुल्क रकम :<br>बीमा प्रारम्भ मिति:<br>बीमा समाप्त हुने मिति : |
| इच्छाइएका व्यक्तिको<br>नाम थर :<br>ठेगाना:<br>इच्छाइएको व्यक्तिको पितारमाताको नाम: | बीमालेख अन्तर्गत रक्षावरण प्रारम्भ हुन मिति:<br>वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख जारी गरिएका मिति र समयबाट नै जोखिम (च्ष्कप ऋयखभचबनभ) प्रारम्भ भएको मानिनेछ । |
| स्वदेशमा सम्पर्क गर्ने ब्यक्तिको :<br>नाम थर : बिमित संगको नाता :<br>सम्पर्क नम्बर : पुरा ठेगाना : | बीमितको जन्म मिति:<br>संलग्न उमेर खुल्ने प्रमाण:<br>प्रस्ताव मिति: |
| वीमित र इच्छाइएको व्यक्ति बीचको नाता: | |
| **बीमालेख अन्तर्गत प्रदान गरिने सुबिधा**<br>यो बीमालेख कायम रहेको अवधि भित्र बीमितलाई भएको शारिरीक क्षतिमा यस बीमालेखको सुबिधाको तालिकामा उल्लेख भए बमोजिमको रकम बीमकले भुक्तानी दिनेछ । | |
| **भुक्तानी पाउने व्यक्ति :**<br>जीवित भए स्वयम् बीमित, सो नभएमा बीमितले इच्छाएको व्यक्ति, सो नभएमा बीमा ऐन २०४९ का दफा ३८ अनुसारको बीमितको आश्रित व्यक्ति यस बीमालेख अन्तर्गत भुक्तानी पाउने व्यक्ति हुनेछ । | |

अधिकार प्राप्त अधिकारीको :

जांच्ने:
मिति:

हस्ताक्षर:
नाम:
पद:

# सुविधाको तालिका

| खण्ड | घटना | सुविधा |
|---|---|---|
| १ | यस बीमालेखको बीमा अवधिभित्र जुनसुकै कारणबाट (बीमालेख अन्तर्गत नपर्ने जोखिमहरु बाहेक) बाट बीमितलाई देहाय बमोजिम भएमा बीमकले देहाय बमोजिमको रकम भुक्तानी दिनेछ: | |
| (क) | मृत्य भएमा | अनुसूचीमा उल्लेखित बीमाङ्क रकम । |
| (ख) | अ) स्थायी पूर्ण अशक्तता भएमा, वा<br>आ) निको नहुने गरी दुवै आँखाको दृष्टि पूर्ण क्षति भएमा, वा<br>इ) दुवै हातको नाडी वा दुवै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारिरीक रुपले काम नलाग्ने भएमा, वा<br>ई) एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोका जोर्नी वा सो भन्दा माथि देखि र एउटा आँखाका दृष्टि पूर्ण रुपले क्षति भएमा | अनुसूचीमा उल्लेखित बीमाङ्क रकम । |
| (ग) | अ) एउटा आँखाको दृष्टि पूर्ण रुपले क्षति भएमा, वा<br>आ) एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथि देखि शारिरीक रुपले काम नलाग्ने गरी क्षति भएमा, वा<br>इ) वोल्ने क्षमता पूर्ण रुपले क्षति भएमा वा<br>ई) दुवै कानको सुन्ने शक्ति पूर्ण रुपले क्षति भएमा | अनुसूचीमा उल्लेखित बीमाङ्का ५० प्रतिशत । |
| (घ) | अ) एउटा कानको सुन्ने शक्ति पूर्ण रुपले क्षति भएमा<br>आ) हातको बुढी औंलाको पूर्ण रुपले क्षति भएमा | अनुसूचीमा उल्लेखित बीमाङ्को २० प्रतिशत । |
| | इ) हातको चोरी औंलाको पूर्ण रुपले क्षति भएमा | अनुसूचीमा उल्लेखित बीमाङ्को १५ प्रतिशत । |
| | ई) हातको अरु कुनै औंलाको पूर्ण रुपले क्षति भएमा रुपले | अनुसूचीमा उल्लेखित बीमाङ्को ७ प्रतिशत प्रति औंला । |
| | उ) खुट्टाको बुढी औंलाको पूर्ण रुपले क्षति भएमा | अनुसूचीमा उल्लेखित बीमाङ्को ५ प्रतिशत । |
| | ऊ) खुट्टाको अरु कुनै औंलाको पूण रुपले क्षति भएमा | अनुसूचीमा उल्लेखित बीमाङ्को ४ प्रतिशत प्रति औंला । |
| | ए) अन्य कुनै अंग भंग भएमा | सम्बन्धित बिशेषज्ञले शारिरीक क्षतिको समानुपातिक हुने गरी निर्धारण गरेको बीमाङ्का प्रतिशत । |
| २ | यस बीमालेखको बीमा अवधिभित्र दुर्घटनाको कारणबाट बीमितलाई देहाय बमोजिम भएमा बीमकले देहाय बमोजिमको रकम भुक्तानी दिनेछ: | |
| (क) | दुर्घटनाबाट लागेको चोटपटकको औषधोपचार खर्च | बीमाङ्को १० प्रतिशतको हदमा नबढ्ने गरी बीमितले स्वयं ब्यहोर्न परेको आवश्यक तथा वास्तविक औषधोपचार खर्च । |
| ३ | यस बीमालेखको बीमा अवधिभित्र भएका दुर्घटनाको एक मात्र प्रत्यक्ष कारणबाट त्यस्तो दुर्घटना भएको १८३ दिन भित्र बीमितलाई देहाय बमोजिम भएमा बीमकले देहाय बमोजिमको रकम भुक्तानी दिनेछ: | |
| (क) | माथि खण्ड (१) का बुँदा नं. (क) देखि (ग) सम्ममा उल्लेख भएका घटना भएमा | माथि खण्ड (१) को बुँदा नं.(क) देखि (ग) सम्ममा उल्लेख भए अनुसारको सम्बन्धित घटनामा प्रदान गरिने सुविधा |
| (ख) | खण्ड (३) अन्तर्गत दावीयोग्य दुर्घटना भएको ३५ दिन भित्र वा सो अवधि भित्र सूचना दिन असम्भव भएको प्रमाणित हुने कारण भएमा सम्भव हुनासाथ सो को सूचना लिखित रुपमा बीमकलाई दिनु पर्नेछ । | |
| खण्ड (१) देखि (३) सम्म उल्लिखित घटनाहरु मध्ये एक भन्दा बढी घटना भएमा बीमकको दायित्व प्रत्येक घटनाको लागि निर्धारित रकमको योगफल बराबर हुनेछ तर उक्त खण्डहरु अन्तर्गत बीमकले भुक्तानी गर्ने रकम अनुसूचीमा उल्लेखित बीमाङ्क भन्दा बढी हुन छैन । | | |
| ४ | यस तालिकाको खण्ड (१) वा (३) अनुसारको घटनाबाट बीमितको मृत्यु भएमा बीमकले देहाय बमोजिमको रकम थप भुक्तानी दिनेछ: | |
| (क) | दुर्घटना वा घातक (Critical) रोग को कारणबाट बीमितको औषधोपचार गर्दा गर्दै मृत्यु भएमा माथि खण्ड (२) को बुँदा नं. (क) बमोजिमको औषधोपचार खर्च भुक्तानी दिनेछ । | |
| (ख) | किरिया तथा अन्य खर्च बापत रु.१,००,०००।- (एक लाख) । | |
| (ग) | बीमितको बिदेशमा मृत्यु भई शव स्वदेशमा ल्याइएको व्यहोरा प्रमाणित भएमा रु.१,००,०००।- भुक्तानी दिनेछ । | |
| ५ | यस तालिकाका खण्ड (१) को बुँदा नं. (क) वा (ख) अनुसारको घटना घटेमा भएमा बीमितको आयको नोक्सानी बापत थप रु. २,००,०००।- (दुई लाख) । | |
| ६ | यस तालिकाको खण्ड (१) को बुँदा नं. (ग) अनुसारका घटना घटेमा बीमितको आयको नोक्सानी बापत थप रु. १,००,०००।- (एक लाख) । बीमकले भुक्तानी दिनेछ । | |
| ७ | मान्यता प्राप्त चिकित्सकबाट बीमितलाइ देहाय बमोजिमको घातक (Critical) रोग लागेको प्रमाणित भएमा बीमकले रु ५००,००० भुक्तानी दिनेछ । तर मृत्यु पश्चात मात्र घातक रोग बाट मृत्यु भएको प्रमाणित भएको अवस्थामा यो शिर्षक अन्तर्गत बीमा दावी भूक्तानी हुने छैन । तर यस अवस्थामा बाहेक अन्य शिर्षकहरु अन्तर्गतको दावी भुक्तान गर्न बाधा पुग्ने छैन । | |

| | | |
|---|---|---|
| १. क्यान्सर (Cancer) | ६ .कोरोनरी आर्टेरीयल बाइपास ग्राफ्ट (Coronary artery by-pass graft) | ११. कोमा (Coma) |
| २. मृगौला फेलियर (Kidney Failure) | ७. अयोर्टा ग्राफ्ट सर्जरी ( Aorta Graft Surgery) | १२. पूर्ण अन्धोपना (Total Blindness) |
| ३. प्राइमरी पल्मनरी आर्टेरीयल हाइपरटेन्सन (Primary Pulmonary Arterial Hypertension) | ८ मुटुको भल्ब को सर्जरी (Heart Valve Surgery) | १३. प्यारालाइसिस (Paralysis) |
| ४. मल्टिपल स्लेरोसिस (Multiple Sclerosis) | ९. स्ट्रोक (Stroke) | १४. बेन्गीन ब्रेन टिउमर (Benign brain tumor) |
| ५. महत्वपूण अंग प्रत्यारोपण (Major Organ Transplant) | १० पहिलो हृदयघात (Myocardial Infarction or First Heart Attack) | १५. दुर्घटनाको कारणले भएको मानसिक रोग (Mental illness caused due to accident or trauma) |

कुनै पनि समयमा बीमितले गलत तरिकाले यस खण्ड अन्तर्गतका सुबिधा उपभोग गरेको प्रमाणित भएमा त्यसरी उपभोग गरेको सुबिधा रकम एक मुष्ठ बुझाउने बीमकले बीमितलाई ३५ दिन सूचना जारी गर्न सक्नेछ । त्यसरी बीमकले जारी गरेका सूचनाको म्याद भित्र बीमितले सो रकम बीमकलाई भुक्तानी गर्नु पर्नेछ ।

## परिभाषा

यस बीमालेखमा जहासुकै प्रयोग भएको भएतापनि देहायका शब्दहरुको परिभाषा निम्न बमोजिम हुनेछ :

१. **दुर्घटना** : "दुर्घटना" भन्नाले वाहिरी, आंखाले स्पष्ट देख्न सकिने, सांघातिक, आकस्मिक र अप्रत्यासित घटना सम्झनु पर्छ ।

२. **स्थायी पूर्ण अशक्तता** : "स्थायी पूर्ण अशक्तता " भन्नाले बीमितको आय वा मुनाफा आर्जन गर्ने कुनै पनि व्यवसाय वा पेशा गर्न सधैंका लागि असमर्थ भएको अवस्था सम्झनु पर्छ । भविष्यमा निको हुने वा नहुनेमा यकिन हुन नसकिने अवस्थामा दुर्घटना घटेका मिति देखि ३६५ दिन सम्म बीमित स्थायी पूर्ण अशक्त रहेमा निज सधैंका लागि स्थायी पूर्ण अशक्त मानिनेछ ।

३. **निको नहुन गरी आँखाका दृष्टि पूर्ण रुपले क्षति** : "निको नहुने गरी आँखाको दृष्टि पूर्ण रुपले क्षति" भन्नाले नेत्र विज्ञान (Ophthalmology) मा विशेषज्ञता प्राप्त गरेको इजाजत प्राप्त चिकित्सकद्धारा निको नहुने भनी प्रमाणित गरिएको आँखाको दृष्टि पूर्ण रुपले क्षति भएको सम्झनु पर्छ । भविष्यमा निको हुने वा नहुनेमा इकिन गर्न नसकिने अवस्थामा घटना घटेको मिति देखि ३६५ दिनसम्म बीमितको दृष्टि शक्ति पूर्ण रुपले क्षति भएको अवस्था कायमै रहेमा निजको निको नहुने गरी आँखाको दृष्टि पूर्ण रुपले क्षति भएको मानिनेछ ।

४. **शारिरीक रुपले काम नलाग्ने** : "शारिरीक रुपले काम नलाग्ने" भन्नाले चोटपटक लागेको अंगको सम्बन्धमा उक्त विषयमा विशेषज्ञता प्राप्त गरेको इजाजत प्राप्त चिकित्सकद्धारा प्रमाणित गरिएको अंगको उपयोगको पूर्ण ह्रास वा पूर्ण स्थायी क्षतिलाई सम्झनु पर्छ । भविष्यमा निको हुने वा नहुनेमा यकिन हुन नसकिने अवस्थामा चोटपटक लागेको मितिदेखि ३६५ दिनसम्म बीमितको कुनै अंग शारिरीक रुपले काम नलाग्ने भएको अवस्था कायमै रहेमा निजको उक्त अंग संधैका लागि शारिरीक रुपले काम नलाग्ने भएको मानिनेछ ।

५. **अन्य कुनै अंगभंग** : "अन्य कुनै अंगभंग" भन्नाले यस बीमालेखको सुविधाको तालिकाको खण्ड (१) को बुँदा नं.(ख), (ग) र (घ) को (अ) देखि (ऊ) मा उल्लेख भएको वाहेक अन्य अंगमा चोटपटक लागि सो चोटपटक लागेको अंगको सम्बन्धमा उक्त विषयमा विशेषज्ञता प्राप्त गरेको इजाजत प्राप्त चिकित्सकद्धारा प्रमाणित गरिएको अंगको उपयोगको पूर्ण ह्रास वा पूर्ण स्थायी क्षतिलाई सम्झनु पर्छ । भविष्यमा निको हुने वा नहुनेमा इकिन हुन नसकिने अवस्थामा चोटपटक लागेको मिति देखि ३६५ दिन सम्म बीमितको कुनै अंग शारिरीक रुपले काम नलाग्ने भएको अवस्था कायम रहेमा निजको उक्त अंग सधैंको लागि अंगभंग भएको मानिनेछ ।

६. **आवश्यक तथा वास्तविक औषधोपचार खर्च** : "आवश्यक तथा वास्तविक औषधोपचार खर्च" भन्नाले दुर्घटना वा गम्भिर (Critical) रोगको कारणबाट बीमितलाई लागेका घाउ चोटको लागि आवश्यक उपचार, उपचार सामाग्री वा उपचार सेवाका लागि भुक्तानी गरिएका वास्तविक खर्च रकम सम्झनु पर्छ जुन खर्च रकम सो खर्च गरिएको ठाउँमा त्यस्ता उपचार, उपचार सामाग्री वा उपचार सेवाको प्रचलित दर भन्दा बढी हुने छैन ।

## सामान्य शर्तहरु

१. **बीमा शुल्क भुक्तानी**
बीमा प्रारम्भ मितिमा पूरा अवधिको एकमुष्ठ बीमाशुल्क भुक्तानी गर्नुपर्ने छ ।

२. **उमेरको प्रमाण**
नेपाली नागरिकताको प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको राहदानीलाई बीमकले उमेर सम्बन्धी प्रमाणको रुपमा स्वीकार गर्नेछ ।

३. **चुक्ता मुल्य, समर्पण मुल्य तथा कर्जा:**
यस बीमालेख अन्तर्गत कुनै पनि चुक्ता मूल्य, समर्पण मूल्य तथा कर्जा उपलब्ध हुने छैन ।

४. **बीमालेख अन्तर्गत नपर्ने जोखिमहरु :**
प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा निम्न लिखित जुन सुकै कारणबाट बीमितको मृत्यु वा अपाङ्गता वा अंग भंग भएमा बीमकले कुनै पनि दायित्व वहन गर्नेछैन ।
क) कानून बमोजिम अनुमति पाएका हवाई जहाजमा उडान गर्दा बाहेक अन्य उडान गर्दा ।
ख) कानूनको वर्खिलाप हुने गरी कुनै युद्ध जस्ता कार्य (युद्ध घोषित होस वा नहोस) मा संलग्न भएमा ।
ग) नागरिक वा जंगी ऐन भंग गरेमा ।
घ) नेपाल सरकारले वैदेशिक रोजगारीका लागि निषेध गरेका मुलुकमा जाँदा ।
उपरोक्त जोखिमहरु बाहेक यस बीमालेखले विदेशमा प्रवास, यात्रा वा पेशा गन कुनै बाधा पुऱ्याउने छैन ।

५. **यस बीमालेख अन्तर्गत कुनै विवाद उत्पन्न भएमा बीमा ऐन, २०४९ बमोजिम हुनेछ ।**

समाप्त